त्रिपुरासुन्दरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पिस्कर, सिन्धुपाल्चोक

२०७३

बागमती प्रदेश, नेपाल

**नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) उत्खनन् सम्बन्धी सूचना ।**

मिति:२०८३/०२/२९

श्री सरोकारवालाहरु सबै,

प्रस्तुत विषयमा "ढुङ्ना, गिट्टी, बालुवा उत्खनन् बिकि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित)" को दफा ४ को उपदफा (१६) बमोजिम "प्रत्येक वर्षको असार १ देखि भदौ मसान्तसम्म नदीजन्य पदार्थको उत्खनन् गर्न पाइने छैन" भन्ने व्यवस्था भएकाले यस त्रिपुरासुन्दरी गाउँपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको उत्खनन् क्षेत्रबाट मिति २०८३ असार १ गतेदेखि भदौ मसान्तसम्म नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा निकासी गर्न निषेध गरिएको हुँदा निषेधित क्षेत्र र अवधिमा सुनकोशी नदी तथा यस गाउँपालिका क्षेत्रभित्रका ताल, खोला, खहरे र नीजि जग्गाबाट नदीजन्य पदार्थको उत्खनन् नगर्न/नगराउनुहुन यो सूचना जारी गरिएको छ। निषेधित क्षेत्र र अवधिमा यस गाउँपालिका क्षेत्रधिकार भित्रको सुनकोशी नदी, ताल, खोला, खहरे तथा नीजि जग्गाबाट नदीजन्य पदार्थको उत्खनन्, संकलन, निकासी तथा ढुवानीमा संलग्न स्काभेटर, लोडर, जे.सि.वि. लगायतका कुनै पनि किसिमका सवारी साधनलाई प्रचलित नियमानुसार कारबाही गरी नदीजन्य पदार्थ समेत जफत गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

सुनिल नेपाली
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ :</u>

- श्री जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक ।
- श्री जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक ।
- श्री जिल्ला प्रहरी कार्यालय, चौतारा, सिन्धुपाल्चोक ।
- श्री शसस्त्र प्रहरी बल नेपाल, १६ नं गण हेडक्वाटर, बन्देउ, सिन्धुपाल्चोक ।
- श्री ईलाका प्रहरी कार्यालय, बाहबिसे, सिन्धुपाल्चोक ।
- श्री प्रहरी चौकी, पिस्कर, सिन्धुपाल्चोक ।.
- श्री सशस्त्र प्रहरी बल नेपाल, लामोसाँघु, सिन्धुपाल्चोक ।